# तामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
प्रदेश नं. ३, नेपाल

## सिलबन्दि बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७५।०८।०४**

१. तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत कार्यक्रमबाट तपसिलमा उल्लेखित कार्य सिलबन्दि बोलपत्र आव्हान गरी स्वास्थ्य चौकी भवन निर्माण कार्य गराउनु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट खरिद प्रकृयामा सहभागी हुन आव्हान गरिएको छ ।

२. योग्य बोलपत्र दाताहरुले यस सम्बन्धि थप जानकारी तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट तयार पारिएको बोलपत्र सम्बन्धि कागजातको अध्ययनबाट प्राप्त गर्न सकिने छ ।

३. सिलबन्दी बोलपत्र फारम दस्तुर तपशिलमा उल्लेख भए अनुसार फिर्ता नहुने गरि नगदै बुझाई सो को नगदी रसिद सहित निवेदन पेश गरी मिति २०७५।०९।०३ गते सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

**बोलपत्र बिक्रिको रकम दाखिला गर्ने बैंक खाता सम्बन्धि विवरण :-**
बैंकको नामः- नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखा
तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको संचित कोष खाता नं : १३००३००००००००४००१०१३
खाता संचालन गर्ने कार्यालयः तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जफे, दोलखा ।

४. यस कार्यालयबाट खरिद गरी तयार पारिएको बोलपत्र सिलबन्दि गरी खाममा कामको विवरण, ठेक्का नं., बोलपत्र दाता फर्मको नाम, ठेगाना प्रष्ट संग लेखि दस्तखत र छाप लगाई कार्यालयलाई सम्बोधन गरेको बोलपत्र मिति २०७५।०९।०४ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

५. प्राप्त सिलबन्दि बोलपत्रहरु मिति २०७५।०९।०४ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहबरमा तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जफेमा खोलिने छ । निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दि बोलपत्र खोल्नमा बांधापर्ने छैन ।

६. सिलबन्दि बोलपत्र साथ मूल्य अभिवृद्धि कर प्रमाण-पत्र र इजाजत प्रमाण-पत्र (आ.व.२०७४।०७५ को लागि नविकरण भएको) तथा आ.व. २०७४।०७५ सम्मको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी वा आन्तरिक राजश्व कार्यालयमा कर दाखिला गरेको कागजात संलग्न भएको हुनु पर्नेछ ।

७. बोलपत्र पेश गर्दा बोलपत्रका साथ तपसिलमा उल्लेखित धरौटी रकम तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जफेको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको धरौटी खाता नं.१३००३००००००००३०००१२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंकवाट कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन सम्म म्याद भएको बैंक जमानी पत्र (Bid Bond) को सक्कलै प्रति अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

८. सिलबन्दि बोलपत्र सम्बन्धि कार्य यस संगै प्राप्त भएको कागजात (Bidding Document) अनुसार हुनेछ । बोलपत्र सम्बन्धि कागजात (Bidding Document) मा छुट भएको हकमा सार्बजनिक खरिद ऐन, २०६३ तथा साबजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । यस सम्बन्धि अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयबाट तथा कार्यालयको website:www.tamakoshimun.gov.np बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

९. सिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खोलेको दिनमा खरिद गर्न र सो को भोलीपल्ट १२:०० बजे भित्र दर्ता गर्न सकिने छ । त्यस्तै दर्ता गर्ने अन्तिम दिन बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खोलेको दिनको १२:०० बजे भित्र दर्ता गर्न सकिने छ ।

१०. सिलबन्दि बोलपत्र दाताहरुलाई आफ्नो बोलपत्र बुझाउनु अगावैं यस कार्य संग सम्बन्धित विभिन्न सम्भावित जोखिम प्रति जानकारी लिनको लागि भवन निर्माण स्थलको निरिक्षण गर्नको लागि सुझाव दिईएको छ ।

११. रित नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१२. कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**तपसिलः-**

| ठेक्का नं. | कामको नाम | लागत अनुमान (मू.अ.कर र कन्टिजेन्सि वाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 01/TRM/075-076 | जफे स्वास्थ्य चौकी भवन निर्माण | ५५३५४९३.०९ | ३% | ३,०००/- |
| 02/TRM/075-076 | च्यामा स्वास्थ्य चौकी भवन निर्माण | ५८४३६०८.५९ | ३% | ३,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned by CamScanner